## बर्दिया जिल्ला अदालतबाट जिल्ला बर्दिया मधुवन नगरपालिकामा संचालित समुदायमा अदालत (Judicial Outrich) कार्यक्रमको प्रतिवेदन

बर्दिया जिल्ला अदालतको आयोजनामा मिति २०७५।१२।२५ गतेका दिन बर्दिया जिल्ला मधुवन न.पा. को सभा हलमा मानानिय जिल्ला न्यायाधिश श्री दिल प्रसाद सापकोटाज्यू को अध्यक्षतामा समुदायमा अदालत (Judicial Outrich) कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा माननिय जिल्ला न्यायाधिश श्री दिल प्रसाद सापकोटा, मधुवन न.पा. का नगर प्रमुख श्री गणेश वहादुर के.सी. ,बर्दिया जिल्ला अदालतका श्रेस्तेदार श्री यम प्रसाद बासकोटा, मधुवन नगर पालिकाका कार्यकारी अधिकृत गोपालराज तिमिल्सेना, मधुवन न.पा. उप प्रमुख सुवानी थारु, सहायक जिल्ला न्यायाधिवक्ता श्री खड्ग बहादुर खड्का, वर्दिया जिल्ला अदालतका शा.अ. श्री अनिता पौडेल, वार इकाइ बर्दियाका अध्यक्ष श्री देविदत्त देवकोटा, वैतनिक कानुन व्यवसायी श्री कमल प्रसाद पाण्डे, अधिबक्ता श्री निर्मल राज सिग्देल, स्थानिय राजनितिक पार्टिका प्रतिनिधिहरु, वडा अध्यक्ष तथा सदस्यहरु, मेलमिलाप संयोजक, स्थानिय महिला अगुवाहरु, शिक्षक लगायतको उपस्थिती थियो ।

उक्त कार्यक्रमको संचालन बर्दिया जिल्ला अदालतका श्रेस्तेदार श्री यम प्रसाद बास्कोटाले गर्नु भएको थियो । बर्दिया जिल्ला अदालतका शा.अ. अनिता पौडेलले सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य तथा औचित्यमाथी प्रकाश पार्दै अदालतका कमि कमजोरी तथा प्रक्रियागत अन्योलताका सम्वन्धमा निर्भिक रुपमा आफ्ना धारणा, विचारहरु तथा जिज्ञासाहरु राख्नका लागी आग्रह गर्नु भएको थियो । तत् पश्चात न्यायमा पहुच र असहाय र विपन्न समुदायको व्यक्तिलाइ कानुनी सहायता प्रदान गर्न वैतनिक वकिलको भुमिका र वर्दिया जिल्ला अदालतमा वैतनिक वकिलको रुपमा आफुले निर्वाह गरिरहेको भुमिका सम्वन्धमा वैतनिक

बर्दिया जिल्ला अदालत गुलरिया

वकिल अधिवक्ता श्री कमल प्रसाद पाण्डेले प्रकाश पार्नु भएको थियो । मन्तव्यको क्रममा सरकारीवादी फौजदारी मुद्दाहरुको अनुसन्धान सम्वन्धी कानुनी व्यवस्था, सरकारवादी फौजदारी मुद्दाको अभियोजनमा सरकारी वकिलको भुमिका तथा फौजदारी र देवानी प्रकृतिका मुद्दामा भिन्नता सम्वन्धमा जिल्ला सरकारी वकिल कार्यालय वर्दियाका सहायक जिल्ला न्यायाधिबक्ता श्री खड्क बहादुर खड्का ज्युले प्रकाश पार्नु भएको थियो । त्यस्तै मुलुकी फौजदारी एवं देवानी संहिता तथा मधुवन न.पा. को कानुनी सल्लाहाकारको हैसियतले मधुवन न.पा. को न्यायिक समितिको क्रियाकलाप सम्वन्धमा अधिवक्ता श्री निर्मल राज सिग्देल ज्यूले प्रकाश पार्नु भएको थियो । कार्यक्रममा बर्दिया जिल्ला अदालत बार इकाइको अध्यक्ष देविदत्त देवकोटाले बारले पिडितहरुको पक्षमा गरेको पहलको सम्वन्धमा आफ्ना भनाइ राख्नु भएको थियो । त्यस्तै मधुवन न.पा. का उप प्रमुख श्री सुवानी थरुनीले मधुवन न.पा. मा न्यायिक समितिले खेलेको भुमिका सम्वन्धमा प्रकाश पार्नु भएको थियो ।

कार्क्रममा सहभागिहरुलाइ समेत आफ्ना विचार तथा जिज्ञासाहरु राख्न आग्रह गरिएको थियो । सो क्रममा सहभागिबाट निम्न विषयमा जिज्ञासाहरु राखिएको थियो ।

1. मधुवन न.पा. वडा नं. ८ का वडा सदस्य समेत रहनु भएको विर्मी वि.क. को जिज्ञासा थियो कानुनी ज्ञानको कमिले पनि कतिपय अपराध भएका छन । आफुले गरेको अपराधमा किति सजाय हुन्छ भन्ने कुराको जानकारी नहुदा कतिपय अपराधिक मानसिकता नहुदा नहुदै पनि अपराध भएका छन र सानो गल्तिको लागी ठुलो सजाय भोग्नु परेको अवस्था छ । अनजानमा भएको गल्तीले अपराध घट्ने हुँदा सवैलाइ सजायको समेत ज्ञान दिन पाए राम्रो हुने थियो ।

बर्दिया जिल्ला अदालत गुलरिया

2. मधुवन न.पा. का वडा अध्यक्ष विजय कुमार रानाको प्रश्न थियो अदालतमा असक्षम र असहाय व्यक्तिका लागि वैतनिक कानुन व्यवसायीको व्यवस्था छ तर अदालतले त्यस्तो असक्षम र असाहाय के आधारमा निर्क्योल गर्दछ र वैतनिक कानुन व्यवसायीको सहायता लिन के गर्नु पर्दछ ? यसको प्रक्रिया के हो ? कस्तो प्रकृतिको मुद्दामा वैतनिक कानुन व्यवसायी राख्न सकिन्छ ?
3. श्री शुक्र माध्यामिक विद्‌यालयका प्रध्यापक श्री गोपाल सिग्देलले विद्‌यालय स्तरमा यस्तो कार्यक्रम संचालल गर्न सकिन्छ कि सकिदैन त्यसको लागि कस्तो पहल गर्नु पर्ला ? भन्ने जिज्ञासा राख्नु भएको थियो ।

बर्दिया जिल्ला अदालतका माननिय जिल्ला न्यायाधिश श्री दिलप्रसाद सापकोटा तथा श्रेस्तेदार श्री यम प्रसाद वास्कोटाले सहभागिहरुबाट उठेका जिज्ञासाको सम्वोधन गर्नु भएको थियो । कार्यक्रमको अध्यक्षता गर्नु भएको माननिय जिल्ला न्यायाधिश श्री दिलप्रसाद सापकोटाले समापन मन्तव्य दिदै न्यायाधिश आम जनताबाट अलग व्यक्तितत्व नभएको र आफु सधै जनताको माझ भएकाले आफुमा परेका अन्यायलाइ दबाएर नवस्न आग्रह गर्दै आफु सधै न्यायको पक्षमा रहेकोले आफ्ना भनाइहरु सधै निर्धक्क भएर राख्न आग्रह गर्नु भएको थियो । साथै वहाँले अदालतले आँफै सक्रिय भइ सहयोग नगरी विवाद लिएर आएको विषयमा मात्रै निर्णय गर्ने भएकोलले समाजले घटनाको छानविनमा पुर्याएको सहयोगले मात्र घटनाको यथार्थ विवरण आउने र वास्तविक अपराधिले मात्र सजाय पाउने हुँदा समाजनै पहिलो अदालत भएको कुरा अवगत गराउनु भएको थियो । हरेक अपराधको छानविनमा सहयोग गर्न सवैलाइ आग्रह गर्दै मधुवन न.पा. को न्यायिक समितिले गरेको उल्लेखनिय कार्यप्रति धन्यबाद समेत व्यक्त गर्नु भएको थियो । त्यसैगरि उँहाले प्रमुख अतिथिको रुपमा उपस्थित नगर प्रमुख प्रति आभार प्रकट गर्दै नगरपालिकाको सभाहल उपलब्ध गराइ सम्पूर्ण

बर्दिया जिल्ला अदालत
गुलरिया

व्यवस्थापन मिलाइदिनु भएकोमा व्यवस्थापन समुह तथा उपस्थित सम्पूर्ण सहभागिहरुलाइ  धन्यबाद दिइ कार्यक्रमको समापन गर्नु भएको थियो ।

प्रतिवेदक

शा.अ. अनिता पौडेल

बर्दिया जिल्ला अदालत

मिति २०७५।१२।२६

बर्दिया जिल्ला अदालत
गुलरिया